# सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेड
## बालुवाटार, काठमाडौं
## उन्नाइसौं वार्षिक साधारण सभाको
## विवरण तथा निर्णयहरु

यस सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडको सञ्चालक समितिको मिति २०८०/०८/०१ गते (तद्नुसार १७ नवेम्बर २०२३) शुक्रबारका दिन बसेको ३३१ औं बैठकको निर्णय अनुसार बोलाइएको उन्नाइसौं वार्षिक साधारण सभा कम्पनी ऐन, २०६३, डेभलपमेन्ट बैंकको प्रवन्धपत्र तथा नियमावली बमोजिम संचालक समितिका अध्यक्ष उज्ज्वल सथ्यालज्यूको अध्यक्षतामा निम्न मिति, समय र स्थानमा बसी निम्न विषयहरु उपर छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरियो ।

१. साधारण सभाको मिति, समय र स्थान:

सभा हुने मिति : २०८० साल मङ्सिर २४ गते (तद्नुसार १० डिसेम्बर २०२३), आइतबार

स्थान : लैनचौर ब्याङ्क्वेट, लैनचौर, काठमाडौं ।

सभा सुरु हुने समय : बिहान ११:०० बजे ।

२. **सभाको सूचना :**

कम्पनी ऐन, २०६३ को दफा ६७(२) को प्रावधान अनुसार उन्नाइसौं वार्षिक साधारण सभा हुने मिति, समय र छलफल हुने विषय खुलाई सभामा उपस्थितिको लागि शेयरधनीहरुलाई सूचना पठाउनुका साथै सो बमोजिमको सूचना मिति २०८० मङ्सिर २ गतेको अन्नपूर्ण राष्ट्रिय दैनिक तथा मिति २०८० मङ्सिर १८ गतेको अभियान दैनिक मा प्रकाशित गरिएको थियो । सभाको सूचना, वार्षिक प्रतिवेदन शेयरधनी भानुभावहरुलाई जानकारीको लागि डेभलपमेन्ट बैंकको वेवसाईड www.shangrilabank.com मा समेत राखिएको थियो ।

३. **वैधानिक पूर्वाधार :**

नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरीवेक्षण विभागको "लाभांश घोषणा /वितरण तथा वार्षिक वित्तीय विवरण प्रकाशन सम्बन्धमा" विषयगत मिति २०८०।०८।०१ गतेको पत्र (पत्र /संख्या:वि.सं.सु.वि./ गैरस्थलगत/ सांग्रिला/०८०/०८१, च.नं. ६१) बाट आर्थिक वर्ष २०७९/०८० को वित्तीय विवरण प्रकाशन गर्न स्वीकृत प्राप्त भई साधारण सभा गर्न बैधानिक पूर्वाधर पुरा भएकोले मिति २०८०/०८/२४ गते डेभलपमेन्ट बैंकको साधारण सभा भएको हो ।

४. **साधारण सभाका छलफलका विषयहरु:**

(क) **साधारण प्रस्तावहरु :**

(१) अध्यक्षज्यूको मन्तब्य सहित आर्थिक वर्ष २०७९/८० को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने बारे ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको मिति २०८० आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा आर्थिक वर्ष २०७९/०८० को नाफा नोक्सान हिसाब, अन्य विस्तृत विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन लगायत सम्पूर्ण वित्तीय विवरणहरू छलफल गरी पारित गर्ने बारे ।

(३) आर्थिक वर्ष २०८०/०८१ को लागि डेभलपमेन्ट बैंकको लेखापरीक्षण कार्यको लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

(४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम डेभलपमेन्ट बैंकको हाल कायम चुक्ता पूँजी ३,२६,७५,९१,७१६.७१/- को ५ प्रतिशत बोनस शेयर वितरण गर्ने सम्वन्धि विशेष प्रस्ताव पारित हुँदा सो बोनस शेयर तथा कर प्रयोजनका लागि प्रस्तावित नगद लाभांश समेत गरी कुल लाभांशमा लाग्ने कर भुक्तानी प्रयोजनका लागि डेभलपमेन्ट बैंकको चुक्ता पूँजीको ०.२६३ प्रतिशतले हुन आउने रकम रु. ८५,९८,९२५.५७ (अक्षेरुपी पचासी लाख अन्ठानब्बे हजार नौ सय पच्चीस र पैसा सन्ताउन्न मात्र) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

**(ख) विशेष प्रस्तावहरु :**

१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजी रु ३,२६,७५,९१,७१६.७१/- (तीन अर्व छव्वीस करोड पचहत्तर लाख एकानब्बे हजार सात सय सोह्र र पैसा एकहत्तर मात्र) को ५ प्रतिशत अर्थात रकम रु. १६,३३,७९,५८५.८४/- (अक्षेरुपी सोह्र करोड तेत्तीस लाख उनान्असी हजार पाँच सय पचासी र पैसा चौरासी मात्र) को बोनस शेयर जारी गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

२) डेभलपमेन्ट बैंकको हाल कायम जारी तथा चुक्ता पूँजी रु ३,२६,७५,९१,७१६.७१/- (तीन अर्व छव्वीस करोड पचहत्तर लाख एकानब्बे हजार सातसय सोह्र र पैसा एकहत्तर मात्र) रहेकोमा बोनस शेयर वितरण पश्चात जारी तथा चुक्ता पूँजी रु ३,४३,०९,७१,३०२.५५/-(अक्षेरुपी तीन अर्ब त्रीचालीस करोड नौ लाख एकहत्तर हजार तीन सय दुई र पैसा पचपन्न मात्र) पुऱ्याउने प्रस्ताव पारित गर्ने ।

३) विशेष प्रस्ताव नं. (१), (२) पारित भए बमोजिम हुने गरी डेभलपमेन्ट बैंकको प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्वन्धि प्रस्ताव पारित गर्ने ।

४) डेभलपमेन्ट बैंकको प्रबन्धपत्र तथा नियमावलीमा भएका संशोधनको स्वीकृति लिने क्रममा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतका नियमनकारी निकायबाट फेरबदल, परिमार्जन, थपघट तथा संशोधन गर्नको लागि निर्देशन प्राप्त भएमा सो कार्य गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

५) यस सांग्रिला डेभलपमेन्ट बैंक र अन्य ईजाजतपत्र प्राप्त उपयुक्त बैंक तथा वित्तीय संस्था (हरु) एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडले अन्य बैंक तथा वित्तीय संस्था (हरु) प्राप्ति गर्ने (Acquisition) सम्बन्धमा उपयुक्त बैंक तथा वित्तीय संस्था (हरु) खोजी गर्न, उपयुक्त लागेको बैंक तथा वित्तीय संस्थासँग गाभ्ने/गाभिने (Merger) तथा प्राप्ति गर्ने (Acquisition) सम्बन्धी सहमतिपत्र (Memorandum of Understanding) तयार गरी हस्ताक्षर गर्न, सम्पूर्ण चल अचल सम्पत्ति तथा दायित्व मूल्याङ्कन (Due Diligence Audit) गराउने, तथा गाभ्ने/गाभिने (Merger) वा प्राप्ति गर्ने (Acquisition) सम्बन्धमा नियमनकारी निकायहरुसँग

सहमति लिने, गाभ्ने/गाभिने (Merger) वा प्राप्ति गर्ने (Acquisition) सम्बन्धी कार्यको लागि प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्नुपर्ने भएमा सो समेत गर्ने लगायतका सम्पूर्ण प्रकृया अवलम्बन गरी एक आपसमा गाभ्ने/गाभिने (Merger) वा प्राप्ति गर्ने (Acquisition) सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

(ग) विविध

५. **सभाको बैधानिकता:**

डेभलपमेन्ट बैंकको वार्षिक साधारण सभा कम्पनी ऐन, २०६३, कम्पनीको प्रवन्ध पत्र नियमावली बमोजिम बोलाइएको, सभा गर्ने सम्बन्धमा ऐनको दफा ६७ (२) बमोजिम शेयरधनी महानुभावहरुलाई पठाउनु पर्ने सूचना पठाउनुका साथै राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशन गरिएको, साधारण सभा हुन कम्पनी ऐन बमाजिम बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशतभन्दा बढी प्रतिनिधित्व हुने गरी कम्पनीका ३ जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित हुन पर्ने प्रावधान रहेकोमा उन्नाइसौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीको उपस्थिति पुस्तिकामा स्वयं तथा प्रतिनिधि मार्फत उपस्थिति जनाउनु हुने शेयरधनीहरुको संख्या, शेयर संख्या र प्रतिशत तल उल्लेख भए बमोजिम रहेको र सो संख्या प्रतिशत साधारण सभाको काम, कारवाही र निर्णय गर्न पर्याप्त भई गणपुरक संख्या पुगेको हुँदा सभा ऐन, नियम कानून बमोजिम वैधानिक भएको व्यहोरा डेभलपमेन्ट बैंकको कम्पनी सचिव श्री सुजनवावु अधिकारीज्यूले सभा समक्ष प्रस्तुत गर्नु भयो ।

६. **सभाको उपस्थिति:**

(क) सभामा उपस्थित संचालकहरु

१. अध्यक्ष श्री उज्ज्वल सत्यालज्यू

२. संचालक श्री सुशिल काजी बानियांज्यू

३. संचालक श्री सुजन सिद्धि बज्राचार्य ज्यू

४. संचालक श्री गंगा सागर ढकाल ज्यू

५. संचालक श्री लिसा शेरचन ज्यू

६. संचालक श्री नरेश ढुंगाना ज्यू

(ख) सभामा उपस्थित पदाधिकारी

१. श्री सुयोग श्रेष्ठ- प्रमुख कार्यकारी अधिकृत

२. श्री अपूर्व प्रसाद जोशी- नायव महाप्रवन्धक

३. श्री रजित मास्के- नायव महाप्रवन्धक

४. सुजनवावु अधिकारी- कम्पनी सचिव

अन्य पदाधिकारी

१) कम्पनी रजिष्ट्रार कार्यालयका सब रजिष्ट्रार श्री विष्णु प्रसाद पौडेल

२) बाह्य लेखापरीक्षक श्री रन्जिव एण्ड एसोसियट्सका श्री रन्जिव श्रेष्ठ

(ग) शेयरधनीहरुको उपस्थिति

| कूल शेयरधनी संख्या समूह "क" र "ख" | कूल शेयर संख्या | स्वयं सभामा उपस्थित शेयरधनी संख्या | प्रतिनिधी द्वारा उपस्थित शेयरधनी संख्या | जम्मा उपस्थित शेयरधनी संख्या | जम्मा उपस्थित शेयर संख्या | कूल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|---|---|---|
| २४,५०१ | ३,२६,७५,९१७.१६ | २८९ | ३३९ | ६२८ | १,८२,३०,८४५.९४ | ५५.७९ |

७. **साधारण सभाको अध्यक्षता र सभा सञ्चालन**

कम्पनी ऐन, २०६३ को दफा ७४ (१) तथा डेभलपमेन्ट वैंकको नियमावलीमा साधारण सभाको अध्यक्षता संचालक समितिको अध्यक्षद्वारा गरिनेछ भन्ने व्यवस्था भए बमोजिम साधारण सभाको अध्यक्षता डेभलपमेन्ट बैंकको संचालक समितिका अध्यक्ष उज्ज्वल सत्यालज्यूले गर्नुभयो ।

८. **स्वागत मन्तव्य**

साधारण सभामा संचालकहरु, संस्थापक शेयरधनीहरु, सर्वसाधारण शेयरधनीहरु, बाह्य तथा आन्तरिक लेखापरिक्षक, नियमनकारी निकायका प्रतिनिधिज्यूहरु, कानूनी सल्लाहकार, व्यवस्थापन तथा कर्मचारीहरु, पत्रकारहरु, अतिथिज्यूहरु तथा उपस्थित सम्पूर्ण महानुभावहरुलाई डेभलपमेन्ट बैंकका संचालक श्री सुशिल काजी बानियाँज्यूले स्वागत गर्दै आफ्नो मन्तव्य प्रकट गर्नु भयो ।

९. **वार्षिक साधारण सभाको औपचारिक उद्घाटनः**

१९ औ वार्षिक साधारण सभाको उद्घाटन डेभलपमेन्ट बैकको संचालक समिति तथा साधारण सभाका अध्यक्ष श्री उज्ज्वल सत्यालज्यूले कलात्मक पानसमा दिप प्रज्वलन गरेर गर्नुभयो । सोही अवसरमा नेपालको राष्ट्रिय गान बजाई राष्ट्र र राष्ट्रियता प्रति समर्पित भाव प्रकट गरिएको थियो ।

१०. **सभा सञ्चालनको अनुमतिः**

सभाको कार्यवाही अगाडी वढाउन तथा छलफलका लागि पूर्व निर्धारित विषयसूचीहरु सभामा प्रस्तुत गर्न सभा अध्यक्षबाट कम्पनी सचिवलाई अनुमति प्रदान भयो ।

११. **वार्षिक प्रतिवेदनको प्रस्तुतिः**

क) साधारण सभाका अध्यक्ष श्री उज्ज्वल सत्यालज्यूले साधारण सभामा छलफलका लागि पेश गरिएका प्रस्तावहरु प्रस्तुत गर्नुका साथै संचालक समितिको तर्फबाट वार्षिक प्रतिवेदन, आ.व. २०७९/८० को लेखा परीक्षकको लेखा परीक्षण प्रतिवेदन, २०८० आषाढ मसान्तसम्मको वासलात, नाफा नोक्सान हिसाव, नाफा नोक्सान बाँडफाँड हिसाव, नगद प्रवाह विवरण आदि सहितको आर्थिक तथा वित्तीय विवरण सभा समक्ष प्रस्तुत गर्नु भयो ।

ख) अध्यक्षद्वारा प्रतिवेदन प्रस्तुत गरी सकेपछि त्यस सम्बन्धमा तथा वार्षिक साधारण सभामा निर्णयार्थ पेश गरिएका प्रस्तावहरुको सम्बन्धमा छलफलमा सहभागी भै आ-आफ्नो जिज्ञासा, सल्लाह, सुझाव, विचारहरु राख्न शेयरधनीहरुलाई अनुरोध गर्नु भयो ।

**प्रतिवेदन उपर छलफल**

सभामा शेयरधनीहरु श्री चन्द्र नारायण श्रेष्ठ, श्री शत्रुघन श्रेष्ठ, श्री निरुपमा गुप्ता, श्री सुदिप श्रेष्ठ, श्री कृष्ण प्रसाद अधिकारी, श्री नरसिंहलाल चखुं, श्री डम्मरु वल्लभ घिमिरे, श्री उद्धव प्रसाद घिमिरे, श्री इन्द्र कृष्ण श्रेष्ठ र श्री व्रम्ह देव शाक्य छलफलमा सहभागी भई सुझावहरु दिनु भयो ।

**शेयरधनी श्री चन्द्र नारायण श्रेष्ठ**

बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्दै सांग्रिला डेभलपमेन्ट बैंकको कार्य सह्रानिय रहेको छ भन्ने विचार व्यक्त गर्नुभयो । अर्थतन्त्र शिथिल भएको समयमा समेत ५ प्रतिशत प्रतिफल दिन सक्नुभएकोमा धन्यवाद व्यक्त गर्नुभयो । बैंकको सवै सूचक राम्रो हुनुपर्ने विचार समेत व्यक्त गर्नुभयो । यस डेभलपमेन्ट बैंकको ROE, ROA / NII अरु बैंक तथा वित्तीय संस्थाको भन्दा राम्रो हुनुपर्नेमा जोड दिनुभयो तथा सकेसम्म मर्जरमा जान नहुने विचार व्यक्त गर्नुभयो । पाँच वर्षे सुचकांकहरु समावेश गर्दा प्रति कर्मचारीको हिसावका आधारमा समेत सुचकांक राख्न जोड दिनु भयो ।

**शेयरधनी श्री शत्रुघन श्रेष्ठ**

बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्दै तरलताको अभाव भएको हालको समयमा समेत सांग्रिला डेभलपमेन्ट बैंकले ५ प्रतिशत बोनश शेयर दिन सकेकोमा उक्त कार्य प्रशंसनिय रहेको विचार व्यक्त गर्नुभयो । बैंक सकेसम्म मर्जरमा जानु हुँदैन । शेयरधनीको हितलाई ध्यानमा राख्नका लागि मर्जरमा जानु भनेको शेयर मूल्य कम गरी शेयरधनीको लगानीमा वञ्चरो हान्नु हो भन्ने विचार राख्नुभयो । मर्जरमा जानुको सट्टा आफ्नो अस्तित्व कायम रहने गरी अन्य बैंक तथा वित्तीय संस्थालाई प्राप्ती गर्नुपर्छ भन्ने सुझाव व्यक्त गर्नुभयो । बैंकका कर्मचारीहरुको

मनोवल राम्रो देखिएकाले बैंक अवका दिनमा अगाडी बढ्नुपर्छ भन्ने विचार व्यक्त गर्दै बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्नुभयो ।

**शेयरधनी श्री निरुपमा गुप्ताज्यू**

बैंकको बुक भ्यालु तथा वित्तीय सूचक राम्रो देखिएको छ । यस्तो अवस्थामा समेत बैंकले ५ प्रतिशत बोनश शेयर दिन सकेकोमा धन्यवांद दिनुभयो । बैंकको जगेडा कोष राम्रो देखिन्छ । बैंकको खर्च अगिल्लो वर्षको तुलनामा वढेको देखिएकाले बैंकले अनावश्यक खर्च कटौतीमा ध्यान दिनुपर्ने देखिन्छ, कर्जा प्रवाह गर्दा ध्यान पुऱ्याउनुपर्ने, निष्कृय कर्जा अनुपात घटाउनुपर्ने आदिमा ध्यान दिन सुझाव दिनुभयो । साथै, बैंकको आगामी वर्ष बैंकलाई प्रगती पथ तर्फ बढाउन लगानी योजना तथा नितीका बारेमा समेत जानकारी दिन आग्रह गर्नुभयो ।

**शेयरधनी श्री सुदिप श्रेष्ठज्यू**

सांग्रिला डेभलपमेन्ट बैंकले हाल दिएको लाभांश प्रतिशत कम भएता पनि वर्तमान अवस्थामा स्विकारयोग्य रहेको तर पछिल्ला दिनहरुमा दोहोरो अंकमा लाभांश दिने तर्फ बैंक अग्रसर रहनुपर्नेमा जोड दिनुभयो । यस आर्थिक वर्षमा झै अन्य आ.व.हरुमा समेत तिहार लगत्तै वार्षिक साधारण सभा गर्न अग्रसर रहनुपर्नेमा जोड दिनुभयो । बैंकले दोस्रो वजारमा गरेको लगानीको प्रतिफल प्राप्त गर्न तर्फ अग्रसर हुन समेत जोड दिनुभयो । शाखा कार्यालय विस्तार गर्दा शहरी क्षेत्रमा मात्र विस्तार नगरी ग्रामिण तथा हिमाली क्षेत्रमा समेत विस्तार गर्दै जानुपर्नेमा सुझाव दिनुभयो । बैंकको निष्कृय कर्जाले उत्पन्न गराउन सक्ने जोखिमका विषयमा समेत बैंकको जोखिम व्यवस्थापन विभाग तथा सो अन्तर्गतका समितिले समेत अध्ययन गरी संवोधन गर्न आवश्यक रहेको विचार व्यक्त गर्नुभयो । अगामी वर्ष दोहोरो अंकमा लाभांश दिन सकोस् भन्ने मनसाय व्यक्त गर्दै शुभकामना व्यक्त गर्नुभयो ।

**शेयरधनी श्री कृष्ण प्रसाद अधिकारीज्यू**

सांग्रिला डेभलपमेन्ट बैंकले आगामी वर्ष देखि कम्तीमा १० प्रतिशत लाभांश दिनपर्नेमा जोड दिनुभयो । सांग्रिला भनेको स्वर्ग हो तसर्थ नाफामा वृद्धि गराई सांग्रिला बैंकलाई समेत स्वर्ग बनाउन सुझाव दिनुभयो । साथै, बैंकको वार्षिक प्रतिवेदन अंग्रेजीमा मात्र नराखि नेपालीमा समेत राख्न, संक्षिप्त रुपमा समेत प्रतिवेदन छाप्न, उल्लेखित अक्षर ठुलो बनाउन, रंगिचंगी प्रतिवेदनको ठाउँमा साधारण कम खर्चिलो प्रतिवेदन बनाउन, अगिल्लो वार्षिक साधारण सभाका छायाँचित्रहरु समेत वार्षिक प्रतिवेदनमा समावेश गर्न सुझाव दिनुभयो । दार्चुला, हुम्ला जस्ता हिमाली क्षेत्रमा दरवन्दी मिलाएर कर्मचारी व्यवस्थापन गर्न आवश्यक देखिन्छ भन्ने भनाई राख्नुभयो । दौरा सुरवाल लगाएको प्रशंसा व्यक्त गर्नुभयो । अन्त्यमा बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्दै बैंकको उत्तरोत्तर प्रगतिको कामना समेत गर्नुभयो ।

**शेयरधनी श्री नरसिंहलाल चखुं ज्यू**

बैंकको वित्तीय विवरण अध्ययन गर्दा यसको प्रगति प्रति सन्तुष्टि मान्न सकिन्छ भन्ने विचार व्यक्त गर्नुभयो । कर्जा लगानी घटेको हो की जस्तो लागेकाले यस वृद्धिका लागि बैंक व्यवस्थापन चनाखो हुनुपर्नेमा जोड दिनुभयो । व्यवस्थापनले बैंकको सुचांकहरु जस्तै NII, Net Proft, EPS, ROE, ROA, Income Ratio, Earning per employee आदि वृद्धि गर्दै लग्नुपर्ने विचार व्यक्त गर्नुभयो । दोस्रो वजारबाट प्रतिफल प्राप्त गर्ने गरी लगानी गर्न, ट्रेड गर्न समेत जान्नुपर्नेमा जोड दिनुभयो । बैंकले कर्जा असुलीलाई अगाडी वढाउदै खराव कर्जा प्रतिशत घटाउँदै लानुपर्ने तथा COF घटाउने तर्फ ध्यानाकर्षण गर्नुपर्ने देखिन्छ । Default Risk, Credit Risk, Asset Quality Management मा ध्यान दिनुपर्ने कुरामा जोड दिनुभयो । सुशासन कायम गर्न वैंक सक्षम रहेकोमा धन्यवाद दिंदै वैंकको उत्तरोत्तर प्रगतिको कामना गर्नुभयो ।

**शेयरधनी श्री डम्मरु वल्लभ घिमिरे**

बैंकको अध्यक्षज्युले संचालक समितिको प्रतिवेदनलाई संक्षिप्त वनाई समय वचत गरि प्रस्तुत गर्नुभएकोमा धन्यवाद दिंदै वार्षिक साधारण सभामाका तस्विरहरु समेत वार्षिक प्रतिवेदनमा समावेश गर्नुपर्नेमा जोड दिनुभयो । वर्तमान परिवेशमा आर्थिक, राजनितिक अवस्था कमजोर भएको अवस्थामा समेत ५ प्रतिशत लाभांश दिन सकेकोमा धन्यवाद व्यक्त गर्नुभयो । वार्षिक साधारण सभामा आफ्नो विचार राख्ने शेयरधनीहरुको समेत तस्विरहरु वार्षिक प्रतिवेदनमा समावेश गर्न आग्रह गर्नुभयो । वैंकको ख्यातीका लागि समेत वर्तमान समयमा जग्गाको मूल्य घटिरहेको अवस्थामा बैंकले काठमाडौंको उपयुक्त ठाउँमा जग्गा किनेर आफ्नो भवन वनाउन ध्यान दिनुपर्ने सुझाव दिनुभयो । लाभांश प्रतिशत कम्तिमा पनि प्रचलित मुद्दती निक्षेपको प्रतिशत भन्दा वढी हुने गरी प्रदान गर्न बैंक सक्षम हुनुपर्ने कुरामा जोड दिनुभयो । बैंक २० औं वर्षमा प्रवेश गर्दाको अवस्थामा विशेष कार्यक्रम गरेर हर्षोल्लासका साथ मनाउन समेत आग्रह गर्नुभयो । बैंकको गैर वैकिङ्ग सम्पत्ति विक्री गर्न तथा खराव कर्जा व्यवस्थापनका लागि Task Force बनाई यस बाँकी रहेको ६ महिना अवधिमा कडाइका साथ अगाडी वढ्न सुझाव दिनुभई बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्नुभयो ।

**शेयरधनी श्री उद्धव प्रसाद घिमिरेज्यू**

बैंकको पोर्टफोलियो साइज राम्रो देखिन्छ । बैंकले आफ्नो वासलातको साइज एक खर्व पुऱ्याउने लक्ष्य लिनुपर्नेमा जोड दिनुभयो । आफ्नो अस्तित्व कायम रहने गरी अन्य वैंक तथा वित्तीय संस्था प्राप्ती गर्न जोड दिनुपर्ने देखिन्छ । बैंकको जगेडा कोष वलियो बनाउँदै लानुपर्ने तथा बैंक निती निर्माण तथा वजार अनुसन्धानलाई पनि प्रभावकारी बनाउनुपर्नेमा जोड दिनुभयो । वैंकको अनुपालना विभाग राम्रो देखिन्छ । बैंकले पुराना ग्राहक वर्गहरु अन्य वैंक तथा वित्तीय संस्थाहरुमा जानलाई रोक्न प्रभावकारी सेवा दिने हिसवाले अगाडी वढ्नु पर्दछ । मानव संशोधन विभागलाई चुस्त दुरुस्त राख्न सक्नुपर्दछ भन्ने विचार व्यक्त गर्नुभयो । १९ औं वर्ष पुगि सकेको अवस्थामा अव २० औ वर्षमा प्रवेश गर्दाको अवस्थामा राम्रा कर्मचारी, वृद्ध अवस्थाका नागरिक, बैंकका पुराना ग्राहकहरु आदिलाई सम्मान गर्ने कार्यक्रम समेत गर्नुपर्ने कुरामा ध्यानाकर्षण गराउनुभयो । बैंकले आगामी आर्थिक वर्ष देखि लाभांश दर बढाउन तर्फ अग्रसर हुन समेत सुझाव दिंदै वैंकको उत्तरोत्तर प्रगतिको कामना गर्नुभयो ।

**शेयरधनी श्री इन्द्र कृष्ण श्रेष्ठ ज्यू**

बैंक संचालक समिति तथा कर्मचारीहरुले दौरा सुरवाल लगाई सभाको शोभा बढाउनु भएकोमा धन्यवाद ज्ञापन गर्नुभई आफूलाई खुसि लागेको विषय व्यक्त गर्नुभयो । यस अवस्थामा समेत ५ प्रतिशत लाभांश दिन सकेकोमा बैंकका प्रमुख कार्यकारी अधिकृत तथा संचालक समितिलाई धन्यवाद दिंदै बैंकको उत्तरोत्तर प्रगतिको कामना समेत गर्नुभयो ।

**शेयरधनी श्री व्रम्हदेव शाक्य ज्यू**

देशको अर्थतन्त्रमा विभिन्न समस्या आउँदा समेत बैंकले ५ प्रतिशत लाभांश दिन सकेकोमा खुसी लागेको छ । हाल अर्थतन्त्र सुधारोन्मुख देखिदै गएकाले अवका दिनमा खराव कर्जा घट्दै जाने कुरामा आफू विश्वस्थ रहेको व्यहोरा व्यक्त गर्नुभयो । मर्जर तथा प्राप्तिको एजेन्डा प्रत्यक वर्ष राखिनु तर मर्जर तथा प्राप्ति सम्वन्धि कुनै प्रकृया अगाडी नवढ्नुले यो एजेन्डाको कुनै महत्व नरहेकाले यस तर्फ संचालक समितिको ध्यानाकर्षण गराउँदै बैंकको उत्तरोत्तर प्रगतिको कामना समेत गर्नुभयो ।

**शेयरधनी महानुभावहरुबाट व्यक्त गरिएको उपरोक्त जिज्ञासा एवं सुझावहरुका सम्बन्धमा सभाका अध्यक्ष श्री उज्ज्वल सत्यालज्यू तथा प्रमुख कार्यकारी अधिकृत श्री सुयोग श्रेष्ठज्यूले निम्न जवाफ दिनुभयो ।**

सभाका अध्यक्ष श्री उज्ज्वल सत्यालज्यू, प्रमुख कार्यकारी अधिकृत श्री सुयोग श्रेष्ठज्यूले शेयरधनीहरुले डेभलपमेन्ट बैंकका काम कियाकलाप उन्नति प्रगतिका सम्बन्धमा गर्नु भएको सराहना प्रति धन्यवाद ज्ञापन गर्नुका साथै दिनु भएको बहुमुल्य सल्लाह सुझाव प्रति आभार व्यक्त गरी उक्त सुझावहरुलाई डेभलपेन्ट बैंकको भावी योजनाको मार्ग दर्शनको रुपमा लिने प्रतिवद्धता प्रकट गर्दै शेयरधनीहरुले छलफलका क्रममा उठाउनु भएका प्रश्नहरुको क्रमवद्ध रुपमा जवाफ दिनुका साथै राख्नु भएको जिज्ञासाहरुलाई स्पष्ट पार्नु भयो ।

१२. **साधारण सभाका निर्णयहरुः**

साधारण सभाद्वारा पारित गरिनु पर्ने साधारण तथा विशेष प्रस्तावहरु अध्यक्षज्यूले पारितका लागि सभा समक्ष प्रस्तुत गर्नु भएकोमा सर्वसम्मतिले प्रस्तावहरु परित भै निम्न निर्णयहरु गरियो ।

क) **सामान्य प्रस्ताव उपरका निणर्यहरुः**

(१) अध्यक्षज्यूको मन्तव्य सहित आर्थिक वर्ष २०७९/०८० को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने निर्णय गरियो ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको मिति २०८० आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा आर्थिक वर्ष २०७९/०८० को नाफा नोक्सान हिसाब, अन्य विस्तृत विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन लगायत सम्पूर्ण वित्तीय विवरणहरू पारित गर्ने निर्णय गरियो ।

(३) आर्थिक वर्ष २०८०/०८१ मा डेभलपमेन्ट बैंकको लेखापरीक्षण कार्यको लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम बैंकको आ.व. २०८०/०८१ को लेखापरीक्षण गर्न श्री डि. एस. एण्ड एसोसिएट्स चार्टड एकाउण्टेन्ट्स लाई निजको पारीश्रमिक वापत लेखा परीक्षण शुल्क, Tax Audit, Long Form Audit Report, कम्पनी ऐन

२०६३ को दफा ७८ प्रमाणिकरण र खाने तथा बस्ने खर्च समेत गरी रु. ११,००,०००/-(अक्षेरेपी रु एघार लाख) (मूल्य अभिबृद्धि कर वाहेक) प्रदान गर्ने गरि नियुक्त गर्ने निर्णय गरियो ।

(४)सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम डेभलपमेन्ट बैंकको हाल कायम चुक्ता पूँजी ३,२६,७५,९१,७१६.७१/-को ५ प्रतिशत बोनस शेयर वितरण गर्ने सम्वन्धि विशेष प्रस्ताव पारित हुँदा सो बोनस शेयर तथा कर प्रयोजनका लागि प्रस्तावित नगद लाभांश समेत गरी कुल लाभांशमा लाग्ने कर भुक्तानी प्रयोजनका लागि डेभलपमेन्ट बैंकको चुक्ता पूँजीको ०.२६३ प्रतिशतले हुन आउने रकम रु. ८५,९८,९२५.५७ (अक्षेरुपी पचासी लाख अन्ठानब्बे हजार नौ सय पच्चीस र पैसा सन्ताउन्न मात्र) नगद लाभांश वितरण गर्ने निर्णय गरियो ।

**ख) विशेष प्रस्ताव उपरको निर्णयहरु:**

१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजी रु ३,२६,७५,९१,७१६.७१/- (तीन अर्व छब्बीस करोड पचहत्तर लाख एकानब्बे हजार सात सय सोह्र र पैसा एकहत्तर मात्र) को ५ प्रतिशत अर्थात रकम रु. १६,३३,७९,५८५.८४/- (अक्षेरुपी सोह्र करोड तेत्तीस लाख उनान्असी हजार पाँच सय पचासी र पैसा चौरासी मात्र) को बोनस शेयर जारी गर्ने सम्बन्धी प्रस्ताव पारित गरियो ।

२) डेभलपमेन्ट बैंकको हाल कायम जारी तथा चुक्ता पूँजी रु ३,२६,७५,९१,७१६.७१/- (तीन अर्व छब्बीस करोड पचहत्तर लाख एकानब्बे हजार सातसय सोह्र र पैसा एकहत्तर मात्र) रहेकोमा वोनस शेयर वितरण पश्चात जारी तथा चुक्ता पूँजी रु ३,४३,०९,७१,३०२.५५/-(अक्षेरुपी तीन अर्ब त्रीचालीस करोड नौ लाख एकहत्तर हजार तीन सय दुई र पैसा पचपन्न मात्र) पुऱ्याउने प्रस्ताव पारित गरियो ।

३) विशेष प्रस्ताव नं. (१), (२) पारित भए बमोजिम हुने गरी डेभलपमेन्ट बैंकको प्रवन्धपत्रमा देहाय बमोजिम हुने गरी संशोधन गर्ने निर्णय गरियो ।

**सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडको प्रबन्धपत्रको संशोधनको तीन महले विवरण**

| दफा नं. | साविकको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नु पर्नाको कारण |
|---|---|---|---|
| ५(ख) | विकास बैंकको जारी पुँजी रु. ३,२६,७५,९१,७१६.७१/-(अक्षेरुपी तीन अर्ब छब्बीस करोड पचहत्तर लाख एकानब्बे हजार सात सय सोह्र र पैसा एकहत्तर मात्र)हुनेछ । जसलाई प्रति शेयर रु. १००/- का दरले ३,२६,७५,९१७.१६ (तीन करोड छब्बीस लाख पचहत्तर हजार नौं सय सत्र दशमलव एक छ) थान साधारण शेयर मा विभाजन गरिएको छ । | विकास बैंकको जारी पुँजी रु. ३,४३,०९,७१,३०२.५५/-(अक्षेरुपी तीन अर्ब त्रीचालीस करोड नौं लाख एकहतर हजार तीन सय दुई र पैसा पचपन्न मात्र) हुनेछ । जसलाई प्रति शेयर रु. १००/- का दरले ३,४३,०९,७१३.०३ (तीन करोड त्रिचालीस लाख नौ हजार सात सय तेह्र दशमलव शून्य तीन) थान साधारण शेयर मा विभाजन गरिएको छ । | ५ प्रतिशत बोनस शेयर वितरण गरेपश्चात विकास बैंकको जारी तथा चुक्ता पुँजीमा वृद्धि हुने भएकोले । |

| | | | |
|---|---|---|---|
| ५(ग) | विकास बैंकको चुक्ता पुँजी रु. ३,२६,७५,९१,७१६.७१/-(अक्षेरुपी तीन अर्ब छव्वीस करोड पचहत्तर लाख एकानब्बे हजार सात सय सोह्र र पैसा एकहत्तर मात्र) हुनेछ। | विकास बैंकको चुक्ता पुँजी रु. ३,४३,०९,७१,३०२.५५/-(अक्षेरुपी तीन अर्ब त्रीचालीस करोड नौं लाख एकहतर हजार तीन सय दुई र पैसा पचपन्न मात्र) हुनेछ। | |

**मिति २०८०/०८/२४ मा बसेको १९ औं वार्षिक साधारण सभाद्वारा पारित प्रबन्धपत्रमा संशोधन**

५(ख) विकास बैंकको जारी पुँजी रु. ३,४३,०९,७१,३०२.५५/-(अक्षेरुपी तीन अर्ब त्रीचालीस करोड नौं लाख एकहतर हजार तीन सय दुई र पैसा पचपन्न मात्र) हुनेछ। जसलाई प्रति शेयर रु. १००/- का दरले ३,४३,०९,७१३.०३ (तीन करोड त्रिचालीस लाख नौ हजार सात सय तेह्र दशमलव शून्य तीन) थान साधारण शेयर मा विभाजन गरिएको छ।

५(ग) विकास बैंकको चुक्ता पुँजी रु. ३,४३,०९,७१,३०२.५५/-(अक्षेरुपी तीन अर्ब त्रीचालीस करोड नौं लाख एकहतर हजार तीन सय दुई र पैसा पचपन्न मात्र) हुनेछ।

४) यस सांग्रिला डेभलपमेन्ट बैंक र अन्य ईजाजतपत्र प्राप्त उपयुक्त बैंक तथा वित्तीय संस्था (हरु) एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडले अन्य बैंक तथा वित्तीय संस्था (हरु) प्राप्ति गर्ने (Acquisition) सम्बन्धमा उपयुक्त बैंक तथा वित्तीय संस्था (हरु) खोजी गर्न, उपयुक्त लागेको बैंक तथा वित्तीय संस्थासँग मर्जर तथा एक्विजिसन सम्बन्धी सहमतिपत्र (Memorandum of Understanding) तयार गरी हस्ताक्षर गर्न, सम्पूर्ण चल अचल सम्पत्ति तथा दायित्व मूल्याङ्कन (Due Diligence Audit) गराउने, तथा गाभ्ने/गाभिने (Merger) वा प्राप्ति गर्ने (Acquisition) सम्बन्धमा नियमनकारी निकायहरुसँग सहमति लिने, गाभ्ने/गाभिने (Merger) वा प्राप्ति गर्ने सम्बन्धी कार्यको लागि प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्नुपर्ने भएमा सो समेत गर्ने लगायतका सम्पूर्ण प्रकृया अवलम्बन गरी एक आपसमा गाभ्ने/गाभिने (Merger) वा प्राप्ति गर्ने (Acquisition) सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो।

५) डेभलपमेन्ट बैंकको प्रबन्धपत्र तथा नियमावलीमा भएका संशोधनको स्वीकृति लिने क्रममा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतका नियमनकारी निकायबाट फेरबदल, परिमार्जन, थपघट तथा संशोधन गर्नको लागि निर्देशन प्राप्त भएमा सो कार्य गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो।

**विविध**

विविध अन्तर्गत छलफलको कुनै पनि विषय नभएकोले छलफल नभएको।

१३. **धन्यवाद प्रदान तथा सभाको समापन**

डेभलपमेन्ट बैंकलाई निरन्तर सहयोग पुऱ्याउँदै आउनु भएका सम्पूर्ण संचालकहरु, शेयरधनी महानुभावहरु, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र वोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, शेयर

रजिष्ट्रार एनआइबिएल एस क्यापिटल लिमिटेड तथा अन्य सम्बन्धित सम्पूर्ण निकायहरु, ग्राहक महानुभावहरु अतिथिज्यूहरु, पत्रकारहरु प्रति र डेभलपमेन्ट बैंकको उन्नतिमा योगदान पुऱ्याउनु हुने सम्पूर्ण बैंक वित्तीय संस्था, बैंकमा कार्यरत सम्पूर्ण मानव संशाधन परिवार तथा बैंक उच्च व्यवस्थापन र कार्यक्रम स्थल उपलव्ध गराउनुहुने लैनचौर ब्याङ्क्वेट परिवार प्रति धन्यवाद ज्ञापन गर्दै अध्यक्ष श्री उज्ज्वल सत्यालज्यूले उन्नाइसौं वार्षिक साधारण सभाको समापन गर्नुभयो ।

............................ ............................

सुजनवावु अधिकारी
**कम्पनी सचिव**

उज्ज्वल सत्याल
**अध्यक्ष**

सभा सम्पन्न भएको मितिः २०८० साल मङ्सिर २४ गते तद्नुसार १० डिसेम्बर २०२३, आइतबार ।